# तिलागुफा नगरपालिकाको आर्थिक ऐन २०७५

**प्ररमाणिकरण मिति : २०७५।०२।२०**

**प्रस्तावनाः**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिलागुफा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

तिलागुफा नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, "२०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि तिलागुफा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** तिलागुफा नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** तिलागुफा नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** तिलागुफा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** तिलागुफा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** तिलागुफा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** तिलागुफा नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनशुल्कः** तिलागुफा नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

## १४. दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जइत

तिलागुफा नगरपालिकाले अनुसूची १३ अनुसार दस्तूर दण्ड जरिवाना धरौंटी लगाइ असूल उपर गर्ने छ ।

## १५. गिट्टी वालुवा ढुगा

तिलागुफा नगरपालिका सिमान क्षेत्र भित्र रहेका गिट्टी वालुवा ढुगा उत्खन्न गरी पैठारी हुँदा अनूसूची १४ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## १६. स्थानीय स्तरका सडक दस्तुर

तिलागुफा नगरपालिकाले निर्माण गरेका भित्री, ग्रामीण , कृषि र पर्यटकीय सडकमा प्रवेश गर्दा अनूसूची १५ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## १७. भवनको नक्सा पास दस्तुर

तिलागुफा नगरपालिका भित्र निर्माण भएका तथा निर्माण हुने भवनहरुमा अनूसूची १६ बमोजिम नक्शा पास दस्तुर शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## अनुसूचि १

## सम्पति कर

तिलागुफा नगरपालिकाका क्षेत्रभित्र बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५०। (पचास) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख १०। (रु दश) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख. २०(रु विस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख २५।(रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख ३०(रु तीस) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख ४५ (रु पैंतालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख ५०(रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

## अनुसूचि २

## घरबहाल कर

तिलागुफा नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा घर धनीबाट ; Demf} f रकमको २ प्रतिशत नगरपालिकाले घर बहाल कर वापत अनुसल उपुर गर्ने छ ।

## अनुसूचि ३

## व्यवसाय कर

### होटल रेष्टुरेन्ट, लज

| | |
|---|---|
| क साना होटल घुम्टी टहरा | रु ५०० |
| ख demf}f xf]^n | रू .१०००-/ |
| ग ठूला होटल लज सहित | रु १५००। |
| घ चिया नास्ता होटल | रु ५००। |

### तरकारी तथा फलफूल

| | |
|---|---|
| तरकारी पसल | ?=५००. |
| फलफूल पसल | रु=५००. |

**औषधी तथा एग्रोभेट पसल**

| | |
|---|---|
| औषधी पसल | रु १०००। |
| एग्रोभेट | रु १०००। |
| जडीबुटी चिया | रु ५००। |

**इलोक्टोनिक तथा इलेक्टिक पसल**

| | |
|---|---|
| इलोक्टोनिक | रु. १५००। |
| इलेक्टिक | रु १०००। |

**निर्माण व्यवासायी नविकरण दस्तुर**

| निर्माण व्यवसायी | स्थानीय कार्यालय | प्रधान कार्यालय भए |
|---|---|---|
| १ वर्ग (घ) लाई | रु. २०००। | रु. २५००। |
| २ वर्ग (ग) लाई | रु. २५००। | रु. ४०००। |
| ३ वर्ग (ख) लाई | रु. ३०००। | रु. ७०००। |
| ४ वार्ग (क) लाई | रु. ५०००। | रु. १००००। |

**कानून व्यवसायी**

| | |
|---|---|
| १ अभिकर्ता | रु. ५००। |
| २ अभिवक्ता | रु. १०००। |
| ३ अधिबक्ता | रु. १५००। |
| ४ बरिष्ठ अधिबक्ता | रु. २०००। |

**चिकित्सक**

| | |
|---|---|
| एम.वि.वि.एस. लाई | रु. १५००। |
| विशेषज्ञलाई | रु. २०००। |
| सुपर स्पेषलिष्टलाई | रु. ३०००। |

**वित्तिय सेवा तर्फ**

| | |
|---|---|
| १. आर्थिक कारोबार गर्ने वाणिज्य बैंकलाई | रु. १००००। |
| २. वित्तिय कम्पनी शाखा कार्यलयलाई | रु. ७५००। |
| ३. वीमा कम्पनीलाई | रु. ५०००। |
| ४. विदेशी मुद्रा सटही काउण्टरलाई | रु. २०००। |
| ५. सहकारी बैंकलाई | रु. ३०००। |
| ६ लघुवित्त | रु ३०००। |
| ७ सहकारी | रु १०००। |
| ८ आइ एमइ | रु १०००। |

**हेभी गाडी तथा लाईट गाडी को पार्टस विक्री तथा मर्मत पसल**

| | |
|---|---|
| क. बस ट्रक, टेक्टर जीप, कार टेम्पो आदिको पार्टस बिक्री गर्ने | रु. १५००। |
| ख. मोटर साईकिल, साईकिल वा पम्पि सेट, जेनेरेटरको पार्टस विक्री गर्न | रु. १०००। |
| लेथ, वेल्डी भएको पसललाई | रु. १०००। |

## एजेन्सी तथा थोक विक्रेता पसल

| | |
|---|---|
| चुरोटको डिलर | रु .५०००. |
| पेट्रोल पम्प | रु .३०००-/ |
| भाँडा पसल | रु .१५००-/ |
| ग्याँस पसल | रु .१०००-/ |
| मादक पदार्थ अन्य पेय पदार्थ थोक डिलर | रु १५००। |
| मादक पदार्थ तथा अन्य पेय पदार्थ खुद्रा | रु १०००। |
| फोटो स्टुडियो | रु .५००-/ |

## कपडा तथा फैन्सी पसल

| | |
|---|---|
| कपडा, रेडिमेट विक्रेतालाई | रू .१०००-/ |
| कपडा तथा रेडिमेट फेन्सी पसललाई | रु .१०००/ |
| स्टेसनरी तथा पुस्तक पसल | रु १०००। |
| गल्ला, किराना तथा विसात खाना | रु ५००। |
| पशु आहारा | रु .१०००-/ |

## गैर सहकारी संस्था

| | |
|---|---|
| राष्ट्रिय | रु .१०००-/ |
| अन्तराष्ट्रिय | रु .२०००-/ |

## कन्सलटेन्सी सेवा

| | |
|---|---|
| कन्सलटेन्सी, इन्जीनियर, प्राविधिक सेवा | रु .१५००-/ |
| लेखा परीक्षक | रु १०००। |

## विविध पसल

| | |
|---|---|
| फर्निचर उद्योग | रु १५००। |
| ईन्जिनियरिङ वर्कसप | रु १०००। |
| विजुली सामाग्री विक्री पसल | रु १५०० |
| जडीबुटी खरीद विक्री | रु १५०० |
| डेरी पसल | रु .५००-/ |
| प्लाष्टिक सामाग्री विक्रेता | रु १०००। |
| शिशा, फ्रेम र प्लाइउड विक्री गर्ने | रु .१५००/ |
| रंगरोगन पसल | रु १५००। |
| सुन चाँदी पसल | रु १०००। |
| जुत्ता, तथा, चप्पल पसल | रु १०००। |
| मासु तथा माछा पसल सक्लनकर्ता | रु १०००. |
| तम्वाकु पसल खुद्रालाई | रु .५००. |
| सिलाई कटाइ पसल | रु १०००। |
| माछा व्यवसायिक | रु ५००। |

# अनुसूचि ४
# जडिबुटी, काष्ठ पैदावर र पशु चौपाया

**जडीबुटी :**

कूल स्थानीय बजारको खरीद मूल्यमा ५ प्रतिशत

**काठ**

देवदार प्रति क्यू फि रु. १००, औली सल्लो प्रति क्यू फि रु. २५ लेकाली सल्लो प्रति क्यू फि रु. २५ बाफ्ह रयाज प्रति क्यू फिट रु २५ लैठो रु प्रति क्यू फि रु. १०० ठिगो प्रति क्यू फि रु. १००

**पशु चौपाया**

यस नगर क्षेत्रबाट खरीद गरी अन्यत्र लिइने पशु चौपाया तपशिल बमोजिम कायम गरिनेछ ।

| | |
|---|---|
| भैसी प्रतिवटा रु. १०० | गाइ गोरु प्रतिवटा रु. १० |
| भेडा बाखा रु. २० | घोडा घोडी प्रतिवटा रु. १०० |
| खच्चड प्रतिवटा रु. १०० | |

## अनुसूचि ५
## सवारी साधन कर

**दिवा बस**

| | | |
|---|---|---|
| क. दिवा बस | मोडेल १९९० सम्म वार्षिक | रु. ५००। |
| ख. दिवा बस | मोडेल १९९१ देखि २००० सम्म वार्षिक | रु. १०००। |
| ग. दिवा बस | मोडेल २००० देखि पछिको | रु. १५००। |

**रात्री बस**

| | |
|---|---|
| क. रात्री बस मोडल १९९१ देखि २००० सम्म वार्षिक | रु. १०००। |
| ख. रात्री बस मोडल २००० देखि पछिको | रु. १५००। |
| ग. भाडाको मिनीबस | रु. ५००। |
| घ. भाडाको जीप, टेक्सी | रु. ३००। |
| ङ. भाडाको टेम्पो | रु. ३००। |
| च. निजी कार, टेम्पो, मिनीबस, जीप | रु. ५००। |
| छ. टेक्टर | रु. ५००। |

**ट्रक, ट्रिपर**

| | |
|---|---|
| क. मोडल १९९० सम्म | रु. १०००। |
| १९९१ देखि मोडल २००० सम्म | रु. १०००। |
| २००० देखि पछिको | रु. १५००। |
| राष्ट्रिय अनुमति प्राप्त ट्रक | रु. १५००। |
| हेवी इकुप्मेण्ट | रु. २०००। |
| ख. ठेला रिक्शा सवारी दर्ता कर | रु. १००। |

## अनुसूचि ६
## विज्ञापन कर

| | |
|---|---|
| स्वदेशी कम्पनीको विज्ञापन कर | रु. ५०००। |
| विदेशी कम्पनीको विज्ञापन कर | रु. १००००। |
| विज्ञापन एजेन्सीलाई | रु. ५००। |
| ५ वर्ग फिट सम्मको साइन बोर्ड | रु. १०००। |
| ८ वर्ग फिट भन्दा माथि साइन बोर्ड | रु. ५०००। |
| व्यवसायिक व्यानर प्रति पटक | रु. २५। |
| व्यवसायिक रुपले जीप आदिबाट माईकिङ दैनिक | रु. २००। |
| मादक पदार्थ चुरोट, खैनी आदिको प्रचारमा दैनिक | रु. १००। |

## अनुसूचि ७
## मनोरन्जन कर

| | |
|---|---|
| चलचित्र भवन दैनिक | रु. १००। |
| भि.डि.ओ. अडियो क्सेयाट भाडा तथा विक्री गर्ने (बार्षिक) | रु. ५००। |

प्रत्येक महिनाक ३ गते भित्र नगरपालिका कार्यालयमा बुझाउनु पर्ने र नबुझाएमा थप १ प्रतिशत दैनिक जरिवाना लाग्ने छ ।

| | |
|---|---|
| केबुल तर्फ प्रति केबुल | रु. ३०००। |
| सर्कस तथा पखेल तमासा, रमाइलो मेला | |
| क. श्रेणीलाई दैनिक (रमाईलो मेला तथा सर्कस तमासा) | रु. १०००। |
| ख. श्रेणीलाई दैनिक (सर्कस खेल तमासा) | रु. ५००। |
| ग. श्रेणीलाई दैनिक (सामान्य किसिमको) | रु. ४००। |
| घ मेला स्टल प्रति दिन | रु ५०। |

## अनुसूचि ८
## बहाल बिटौरी शुल्क र सार्वजनिक शौचालय

तिलागुफा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका  हाट बजार वा पसलमा दैनिक रु. ५०। बहाल बिटौरी शुल्क र सार्वजनिक शौचालय प्रयोग दिशा गरेवापत रु. १० र पिसाब गरे वापत रु ५लगाइ असूल उपर गरिनेछ । साथै नगरपालिकावाट बाहिर नियात हुने फलफूल प्तति ट्रक रु. १०००। ट्याक्टर रु. ५०० र अन्नवाली तरकारी प्रति क्यूनटल रु. १० काय गरी असुल उपर गरिनेछ ।

## अनुसूचि ९
## पार्किङ शुल्क

तपशिल

| | | |
|---|---|---|
| बस दैनिक | रु ५०। | ट्रक दैनिक रु. ५०। |
| जिप | रु २०। | अटो रिक्सा दैनिक रु. २०। |
| मोटर साइकल दैनिक | रु १०। | साइकल दैनिक रु. ५। |

## अनुसूचि १०
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र याफ्टीङ्ग शुल्क

तपशिल

स्वदेशी नागरिक दैनिक रु ५००।    विदेशी नागरिक दैनिक रु १०००।

## अनुसूचि ११
## सेवा शुल्क, दस्तुर

(ख) महसूल उपभोग तथा सेवा शूल्क शूल्क तथा दस्तुर

| | |
|---|---|
| क. सम्पत्ति मुल्यांकन शुल्क | १० प्रतिशत |
| ख. सबै किसिमको चार किल्लालाई प्रमाणित दस्तुर | रु. १००। |

## अनुसूचि १२
## पर्यटन शुल्क

तिलागुफा नगरपालिको  आफ्नो पर्यटकीय स्थल ( तिलागुफा, रुरु वन्चु क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट तिलागुफा नगरपालिका बाहेक कालीकोट बासीलाइ रु १०, अन्य जिल्लाका पर्यटकको लागि रु २०, विदेशी प्रयटकलाइ प्रति व्यत्ति रु ५०। दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

## अनुसूचि १३
## दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जफत

**दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जफत**

क. नक्कल र निवेदन दस्तुर नियमानुसार

ख. अन्य फाराम दस्तुर नियमानुसार

ग. एकिकृत सम्पत्ति करको बक्यौता रकममा १० प्रशितश

घ. व्यवसाय करको हकमा चालु वर्षको कर आएको मसान्त भित्र नविकरणमा १० प्रतिशत छुट र बक्यौता रहेमा १ प्रतिशतका दरले जरिवाना लगाउने।

ङ. वहाल विटौरी हकमा गत वर्ष सम्म बक्यौता रहेमा १०५दरले जरिवाना लगाउने।

**अन्य शुल्क एवं दस्तुर**

| | | |
|---|---|---|
| क. | भरुवा बन्दुक नवीकरण | रु. १००। |
| ख. | धितो रोक्का वापत | रु. १५०। |
| ग. | अतिरिक्त सेवा शुल्क | रु. १५०। |

**सिफारिश दस्तुर**

| | |
|---|---|
| घ. औधोगिक सिफारिशमा | रु. ५००। |
| ङ. विदेश आध्ययन प्रयोजनका लागि गर्ने सम्पत्ति मुल्यांकन अंग्रेजीमा प्रमाणित एवं सिफारिश | दस्तुर रु. १००। |
| च. अन्य अंग्रेजीमा सिफारिश | रु. १००। |
| छ. नाता प्रमाणित दस्तुर | रु. १००। |
| ज. पेन्सनपट्टा सिफारिशमा | रु. १००। |
| झ. नागरिकता सिफारिशमा | रु. १००। |
| ठ. अन्य सिफारिशमा | रु. १००। |
| ड. मिलापत्र दस्तुर | रु. १००। |
| ढ. पूर्व प्राथमिक विध्यालय स्वीकृत दिए वापत | रु. १०००। |
| ण. निजी क्षेत्रको स्कुललाई सिफारिश गर्दा प्रा. वि. स्कुललाई | रु. १५००। |
| त. नि. मा. वि. स्कुललाई | रु. २०००। |
| थ. मा. वि. स्कुललाई | रु. ३०००। |
| द. खा. नामसारी दस्तुर | |
| १. रजिष्टेशन र बक्स पत्र भएको दा.खा. मा मुल्यांकनको | रु. १००। |
| २. अंशवण्डा भई दा. खा. मा | रु. १००। |
| ३. मृत्युवाट अपुताली कायम हुँदा मुल्याकनको नामसारी | रु. २००। |
| ४. मृत्यु हक कायम भई नामसारीमा | रु. २५०। |
| ५ ३५ दिन पछि व्यत्तिगत घटना दर्ता | रु १००। |

## अनुसूचि १४
## गिट्टी वालुवा ढुगा

**वालुवा र गिट्टी**

| | |
|---|---|
| ट्याक्टर | रु. ५००। |
| मिनि ट्रक | रु. ७००। |
| ट्रक एलपी | रु. १०००। |
| टिपर | रु. १०००। |
| **ढुंगा** | |
| ट्याक्टर | रु. ३००। |
| मिनि ट्रक | रु. ५०० |
| ट्रक एलपी | रु. ८००। |
| टिपर | रु. ८००। |

## अनुसूचि १५
## स्थानीय स्तरका सडक दस्तुर

**तपशिल**

| | | | |
|---|---|---|---|
| जिप | रु. ५०। | ट्याकट्रर | रु. १००। |
| बस ट्रक | रु. १०० | डोजर स्काभेटर | रु. ५००। |
| जेसीभि | रु. २००। | | |

## अनुसूचि १६
## भवनको नक्सा पास दस्तुर

१. पक्की घर (माटो, सिमेन्ट, सुखी चुना आदिले जाडाई भई आर.बि.सि. र आर.सि.सि छाना भएको जोडाईमा)

१. प्रति स्कवाइर फिट रु. २।

२. वाउण्ड्रीवाल (एकमुष्ठ) रु. ५००।

३. घर नक्सा म्याद थप प्रति नक्सापास शुल्क वापतमा १०५ थप शुल्क लाग्ने ।

४. नक्सापास विना नगर क्षेत्रमा बनेका भवनको नक्सा प्रमाणित गर्दा प्रति वर्गफिट रु. १।

५. साविक गा.बि.स. बाट न.पा.मा गाभिएका वडाहरुबाट बनेका भवनहरुको नक्सापास प्रमाणित रु. १।

६. घर निर्माण गर्दा सडकमा निर्माण सामाग्री वा फोहोर राखेमा १५ दिन सम्म निशुल्क, एक महिना लागि प्रति दिन रु. १०। र त्यस पछि प्रतिदिन रु. २०।

७ घर नक्सा कार्यसम्पन्न प'स्तिका वितरण प्रति पुस्तक रु. ५००।